**धनगढी उप महानगरपालिका**

# स्थानीय राजपत्र

| **खण्ड: ४** | **संख्या: १७** | **मितिः २०७७/१०/२९** |
|---|---|---|

**भाग-२**

**धनगढी उप महानगरपालिका**

## धनगढी उप–महानगरपालिकाको लैगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७

**नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०७७।१०।२९**
**राजपत्रमा प्रकाशन मितिः २०७७।११।०२**

**प्रस्तावना**

नेपालको संबिधान २०७२ को धारा ३८ को महिलाको हकको कार्यान्वयन गर्न र लैगिक हिंसाबाट पीडित वा प्रभावितलाई तत्काल उद्धार गर्न, औषधी उपचार गर्न वा पुनस्र्थापना गर्ने कार्यका लागि उप-महानगरपालिकामा लैगिक हिंसा निवारण कोष स्थापना गरी सो कोषबाट पीडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज एवं प्रभावकारी बनाउनको लागि लैगिक हिंसा निवारण कोष(संचालन) नियमावली,२०६७, लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) (दोस्रो सिंशोधन) नियमावली, २०७६ तथा लैगिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि सशर्त अनुदान रकम खर्च सम्वन्धि मार्गदर्शन, २०७६ को

अधिन एवं स्थानीय सरकार ऐन, २०७४ को दफा १०२ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी धनगढी उप-महानगरपालिकाको लैगिक हिंसा निवारण कोष सञ्चालन कार्यबिधि, २०७७ तयार गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यबिधिको नाम **"धनगढी उपमहानगरपालिकाको लैगिक हिंसा निवारण कोष संचालन कार्यबिधि, २०७७"** रहने छ ।

(ख) यो कार्यबिधि धनगढी उप-महानगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

**२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

**(क) "संविधान"** भन्नाले नेपालको संविधान(२०७२) लाई सम्झनु पर्ने छ।

(ख) **"उप-महानगरपालिका"** भन्नाले धनगढी उपमहानगरपालिकालाई सम्झनु पर्ने छ ।

(ग) **"कोष"** भन्नाले दफा (३)बमोजिमको लैङ्गिक हिंसा निवारण कोष संझनु पर्छ ।

(घ) **"पीडित"** भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति संझनु पर्छ ।

(ङ) **"घरेलु हिंसा"** भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ ।

(च) **"लैंगिक हिंसा"** भन्नाले सार्वजनिक वा निजी जीवनमा लिंगको आधारमा कसै प्रति शारीरिक, मानसिक वा यौनजन्य क्षति वा पीडा पुर्याउने कार्य सम्झनु पर्दछ र सो शब्दले लिंगको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउछ ।

(छ) **"कोष संचालन समिति"** भन्नाले कार्यबिधि दफा (९) बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

**३. कोषको स्थापना**

(१) लैगिक हिंसा पिडित र प्रभावितहरुको तत्काल उद्धार गर्न, राहत र पुनःस्थापना गर्ने काम समेतका लागि धनगढी उपमहानगरपालिकाले एक हिंसा निवारण कोष खडा गरेको छ ।

(२) कोषमा देहाय बमोजिमको रकम जम्मा गर्न सकिनेछ ।

क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम

ख) धनगढी उपमहानगरपालिकाको आन्तरिक स्रोतबाट छुट्याइएको रकम

ग) विभिन्न संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम

घ) अन्य कुनै आन्तरिक तथा बाहिय स्रोतबाट प्राप्त रकम

ङ) बैंक खातामा रहेको मौज्दात बाट प्राप्त ब्याज रकम

**४. कोषमा रकम जम्मा गर्ने**

धनगढी उपमहानगरपालिकाले प्रत्येक वार्षिक बजेटमा व्यवस्था गरी कोषमा रकम जम्मा गर्नु पर्नेछ ।

**५. कोषको उपयोग**

धनगढी उप-महानगरपालिका राजपत्र

(१) कोषको रकम देहायको कामको लागि उपलब्ध गराउन उपयोग गरिनेछ ः–
(क) पीडितलाई तत्काल उद्धार गर्न,
(ख) पीडितलाई औषधी उपचार गर्न,
(ग) पीडितलाई तत्काल उपचार गराउदा लागेको खर्च पीडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न
(घ) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलव्ध गराउने,
(ङ) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोपरामर्श लगायतका सेवा प्रदान गर्न,
(च) सीपमुलक तालिम प्राप्त पिडितलाई स्वरोजागारका लागि कुनै व्यवसाय स्थापना गर्नको लागि अनुदान रकम प्रदान गर्न,
(छ) पीडित र प्रभावितका लागि पुनर्स्थापना गराउन,
(ज)अल्पकालीन महिला सुरक्षा सेवा केन्द्र संचालनको लागि माग भई आएमा समितिले आवश्यक ठानेमा आवश्यक्ता र औचित्यताको आधारमा सेवा केन्द्र संचालनको लागि रकम प्रदान गर्न ।
(झ) पीडितको लागि कोष परिचालन समितिले तोके बमोजिमको अन्य काम गर्न ।
(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोष सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुव्र्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**<u>६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने</u>**

कोषको रकम दफा (५) बमोजिम बाहेक अन्य कामका लागि उपयोग गर्न सकिने छैन ।

**<u>७. राहत तथा आर्थिक सहयोगको आधार र मापदण्डः</u>**

(१) धनगढी उपमहानगरपालिकाले कोष परिचालन समिति गठन गरी पीडित र प्रभावितलाई राहत तथा आर्थिक सहयोग प्रदान गर्नुपर्दछ ।
(२) कोष संचालन समिति उपदफा (१) बमोजिम पीडित र प्रभावितलाई रकम उपलब्ध गराउदा देहाय बमोजिमको रकमको हद र आधार लिनुपर्दछ ।
(क) पीडितलाई तत्काल उद्धार,औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएका कोष संचालन समिति निर्णयगरी वीस हजार रुपैया नबढ्नेगरी मनासिव रकम ,
(ख) हिंसा पीडितले कुनै सीपमुलुक तालिम प्राप्तगरी व्यवसाय संचालन गर्नका लागि वस्तुगत सहयोग वा नगद अनुदान माग गरेमा व्यवसायको प्रकृति र औचित्यता आधारमा प्रति व्यक्ति बढीमा वीस हजार रुपैया,
(ग) पीडितलाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,
(घ) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँचसय रुपैयाँको दरले लागेको यथार्थ खर्च रकम,

(ङ) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बास खर्च वापत प्रतिदिन पाँचसय रुपैयाँ र उपचार खर्चको यथार्थ खर्च रकम,

(च) कोष संचालन समिति तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति,आवश्यक्ता र औचित्यताको आधारमा बढीमा दश हजार रुपैयाँ ।

**८. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने**

(१) यस कार्यबिधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार देखिएमा कार्यबिधिको दफा (७) बमोजिम कोष संचालन समितिले निर्णय गरी उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएतापनि पीडित तथा प्रभावितलाई तत्काल राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने मनासिव आधार देखिएमा दफा (७) बमोजिम कोष संचालन समिति बाट पछि अनुमोदन गराउनेगरी संयोजकले तत्काल उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार जाचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने आधार नदेखिएमा सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

**९. कोष संचालन समिति गठन**

९.१ कोषको संचालन तथा व्यबस्थापन गर्ने प्रयोजनको लागि एक कोष संचालन समिति रहनेछ ।

९.२. समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) नगर उपप्रमुख - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सामाजिक विकास समिति संयोजक - सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) जनस्वास्थ्य प्रवर्धन शाखा प्रमुख - सदस्य

(च) जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका सेवा केन्द्रको अधिकृत प्रतिनिधि - सदस्य

(छ) कानुनी मामिला शाखा प्रमुख - सदस्य

(ज) लैगिक हिंसा निवारणको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरु मध्येबाट संयोजकले मनोनित गरेको एकजना सदस्य - सदस्य

(झ) महिला बालबालिका तथा सामाजिक विकास शाखा प्रमुख -सदस्य सचिव

आबश्यकता अनुसार जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि र सामाजिक विकास मन्त्रालयको सामाजिक विकास महाशाखाको अधिकृत प्रतिनिधिलाई आमन्त्रित गर्न सकिनेछ ।

**१०. समितिको काम,कर्तव्य र अधिकार :**

समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) यसै समितिले लैंगिक हिंसा निवारण कोष (संचालन)(दोस्रो संसोधन) नियमावली २०७६ ले मूल नियमावलीको दफा ११ मा संसोधन गरि निर्देशन गरेबमोजिमको स्थानीय तत्काल राहत तथा उद्दार समीति का रुपमा समेत रही लैगिक हिंसा पिडित तथा प्रभावितको तत्काल उद्धार गर्ने , पुनःस्थापना गर्ने तथा राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा कार्यक्रम तर्जुमा समेतका क्रियाकलाप समेत गर्नेछ,

ख) लैंगिक हिसा पिडित तथा प्रभावितको पहिचान गर्ने र वास्तविक पिडित तथा प्रभावितका राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

ग) स्वीकृत कार्यक्रमका लागि कोष परिचालन गर्ने गराउने,

घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने ,

ङ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने ,

च) लैंगिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकायसँग समन्वय गर्ने ,

छ) समितिलाई तत्काल आवश्यक पर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लगानी गर्ने ,

ज) कोषमा रकम बृद्धिको लागि खोजी गर्ने ,

झ) लैंगिक हिंसा पिडित तथा प्रभावित सम्बन्धी अन्य काम गर्ने वा गराउने ,

**११. समितिको बैठक र निर्णय :**

क) समितिको बैठक आबश्यकता अनुसार संयोजकले तोकेको मिति,समय र स्थानमा बस्नेछ,

ख) समितिको कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढि सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ,

ग) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्येबाट छानेको सदस्यले गर्नेछ ,

घ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ,

ङ) समितिले आबश्यकता अनुसार उपमहानगरपालिकाको कुनै पदाधिकारी वा कर्मचारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ,

च) समितिको निर्णय समितिको सदस्य सचिबले प्रमाणित गरी राखिनेछ ,

धनगढी उपमहानगरपालिका राजपत्र

छ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिको बैठकमा निर्णय गरी निर्धारण गर्न सकिनेछ,

**१२. समितिको प्रशासनिक खर्च**

समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकम र सो कोष बाट प्राप्त व्याज रकमको ५ प्रतिशत भन्दा बढी हुने छैन ।

**१३. खाता सञ्चालन**

(१) कोषको रकम समितिको निर्णय बमोजिम कुनै वाणिज्य बैंकको खाता खोली जम्मा गर्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिम खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१४. कोषको लेखा र लेखा परिक्षण**

कोषको लेखा र लेखा परिक्षण उपमहानगरपालिकाले अपनाएको लेखा प्रणाली र लेखा परिक्षण प्रक्रिया बमोजिम हुनेछ ।

**१५. कोषको रकम फ्रिज नहुने**

कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१६. प्रतिबेदन पेश गर्ने**

(१) समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिबेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र नगरकार्यपालिकामा र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले पेश गरेको प्रतिबेदन नगरकार्यपालिकाले सार्बजनिक गर्ने छ ।

**१७. बैठक भत्ता**

समितिका संयोजक र सदस्यले समितिको बैठकमा भाग लिए बापत नगर कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछन् ।

**१८. कोषको सचिवालय :** कोषको सचिवालय नगर कार्यपालिकाको कार्यालय महिला बालबालिका तथा सामाजिक विकास शाखामा रहनेछ ।

**१९. अभिलेख राख्ने :** समितिले आफुले गरेका कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**२०. निर्देशन दिन सक्ने**

(१) नगरकार्यपालिकाले समितिको काम कारबाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरकार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**२१. अधिकार प्रत्यायोजन**

समितिले यस कार्यबिधि बमोजिम आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, सदस्य वा नगरकार्यपालिकाले तोकेको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

**२२. कोष खारेज हुन सक्ने**

(१) कुनै कारणबस कोष संचालनगर्न आबश्यक नदेखिएमा नगरकार्यपालिकाको निर्णयबाट कोष खारेज गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कोष खारेज भएमाकोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय नगरकार्यपालिकाको बैठकबाट हुनेछ ।

**आज्ञाले,**

...........................

**हरि बहादुर चन्द**

**प्रमुख प्रशासकिय अधिकृत**

**धनगढी उप महानगरपालीका**

धनगढी उप-महानगरपालिका राजपत्र